

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २६० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज १४ गते आइतबार ❑ 1 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## चीन भ्रमण पूर्णरूपमा सफल : प्रधानमन्त्री

**रासस**
काठमाडौं, १३ असोज

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले चीनको औपचारिक भ्रमण द्विपक्षीय सम्बन्ध विस्तारमा केन्द्रित रहेको र पूर्णरूपमा सफल भएको बताउनुभएको छ।

संयुक्त राष्ट्रसङ्घको ७८औँ महासभा र चीनको साताव्यापी भ्रमण पूरा गरी शनिबार स्वदेश फर्कनुभएका प्रधानमन्त्री दाहालले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो, "मेरो चीन भ्रमणले दुई देशबीचको आपसी विश्वासको वातावरणलाई थप सुदृढ गर्दै दुवै मुलुकबीच रहिआएको ऐतिहासिक सम्बन्धको समग्र पक्षलाई थप प्रगाढ बनाउन महत्वपूर्ण भूमिका खेलेको विश्वास लिएको छु।"

नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री दाहाल यही सेप्टेम्बर १७ देखि २१ सम्म संयुक्त राष्ट्रसङ्घको ७८औँ महासभा भाग लिन अमेरिकाको न्यूयोर्क प्रस्थान गर्नुभएको थियो । महासभामा सहभागी भई प्रधानमन्त्री दाहाल त्यतैबाट जनवादी गणतन्त्र चीनको भ्रमणमा जानुभएको थियो। चीनका प्रधानमन्त्री लि छियाङको मैत्रीपूर्ण निमन्त्रणामा प्रधानमन्त्री दाहालले यही सेप्टेम्बर २३ देखि ३० सम्म मित्रराष्ट्र चीनको औपचारिक भ्रमण गर्नुभएको हो । प्रधानमन्त्री दाहाल चीनको हाङझाउमा आयोजित १९औँ एशियाली खेलकुदको उद्घाटन समारोहमा पनि सहभागी हुनुभयो।

खेदकुदको उद्घाटन समारोह अघिचिनियाँराष्ट्रपतिसीचिनफिङसँग प्रतिनिधिमण्डलस्तरमा वार्ता भएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले भन्नुभयो, "राष्ट्रपति सी चिनफिङसँग अत्यन्त हार्दिक र सौहार्दपूर्ण वातावरणमा भएको द्विपक्षीय वार्तामा दुवै देशमा विद्यमान अवसर र सम्भावनाको भरपुर सदुपयोग गर्दै आपसी सम्बन्धलाई थप दरिलो बनाउने विषयमा सघन छलफल भयो।"

चीनका राष्ट्रपति सि चिनपिङले गर्नुभएको नेपाल भ्रमणपछि प्रधानमन्त्रीस्तरमा नेपालबाट गरिएको यो पहिलो उच्चस्तरीय भ्रमण भएको उहाँको भनाइ छ । "कोभिड-१९ महामारीका कारण लामो समयदेखि उच्चस्तरमाभ्रमणनभइरहेकासन्दर्भमा मेरो चीन भ्रमणले दुई देशबीच आपसी विश्वासको वातावरणलाई थप सुदृढ गर्दै दुवै मुलकबीच रहिआएको ऐतिहासिक सम्बन्धको समग्र पक्षलाई थप प्रगाढ बनाउन महत्वपूर्ण भूमिका खेलेको विश्वास लिएको छु", प्रधानमन्त्री दाहालले भन्नुभयो।

भ्रमणका दौरान चीनका राष्ट्रपति र प्रधानमन्त्रीसँग भएका छलफलबाट नेपाल-चीन सम्बन्धलाई थप उचाइ दिन मद्दत पुगेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले विगतमा भएका समझदारीको कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धता व्यक्त भएको जानकारी दिनुभयो । दुई देशबीचको रहेको बहुआयामिक सम्बन्धलाई अझ प्रगाढ बनाउने सम्बन्धमा विचारको स्पष्ट आदानप्रदान हुनुका साथै नेपालको विकास प्रयासमा चीनको साथ र सहयोगका सम्बन्धमा खुलेर कुरा भएको प्रधानमन्त्री दाहालको भनाइ छ। "नेपाल सदैव एक चीन नीतिमा प्रतिबद्ध रहँदै आएको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "सो विषयलाई पुनःपुष्टि गर्दै नेपाल-चीनबीचको सम्बन्ध पञ्चशीलको सिद्धान्त, असल मित्रता, आपसी साझेदारी र सम्मान तथा अन्तर्राष्ट्रिय मूल्यमान्यता र कानुनमा आधारित रहने र भविष्यमा यो सम्बन्धलाई अझ दरिलो, अझ प्रगाढ र अझ उचाइमा लैजाने दिशातर्फ दुवै पक्षले गर्नुपर्ने कार्यका बारेमा छलफल भयो।" चीनले गरिबी निवारण र आर्थिक समृद्धिका क्षेत्रमा हासिल गरेको अद्वितीय सफलतालाई असल अभ्यासका रूपमा लिइ चीनसँगको व्यापार, लगानी, अन्तरदेशीय यातायात सञ्जाल र आर्थिक सामाजिक साझेदारी वृद्धि गर्दै लैजाने दिशातर्फ हाम्रो सम्बन्ध केन्द्रित रहनुपर्ने विषयमा आफूले राखेको धारणाप्रति चिनियाँ राष्ट्रपतिले चीनको पूर्ण समर्थन रहने बताउनुभएको प्रधानमन्त्री दाहालको भनाइ छ । सो भेटमा नेपाल-चीनबीचको जनस्तरको सम्बन्धलाई प्रगाढ बनाउन पोखरा र भैरहवास्थित अन्तर्राष्ट्रिय विमानस्थलमा चीनबाट सोझै हवाई उडानका लागि दुई देशका उड्डयन निकायबीच सहकार्य गर्न प्रोत्साहन गर्ने बारेमा सकारात्मक छलफल भएको प्रधानमन्त्री दाहालले उल्लेख गर्नुभयो। असल मित्रका रूपमा दुई देशबीच भएका समझदारी अन्तर ष्ट्रिय मूल्यमान्यता र सिद्धान्तमा आधारित भई अगाडि बढाउने विषयमा कुराकानी भएको उहाँले जानकारी दिनुभयो।

भ्रमणका क्रममा यही सेप्टेम्बर २४ मा दिन चीनको राजधानी बेइजिङमा आयोजित नेपाल चीन व्यापार सम्मेलनलाई सम्बोधन गर्दै नेपालमा लगानीको उपयुक्त वातावरण रहेकाले नेपालका प्राथमिकताका क्षेत्रमा लगानी गर्न चिनियाँ निजी लगानीकर्तालाई आह्वान गरेको प्रधानमन्त्री दाहालले जानकारी दिनुभयो। सो सम्मेलनमा आफूले नेपालमा लगानीको प्रचुर सम्भावना रहेको र ती सम्भावनालाई मूर्तरूप दिन र लगानी संरक्षण गर्न नेपाल सरकार प्रतिबद्ध रहेको जानकारी गराएको उहाँको भनाइ छ । सम्मेलनमा चीन सरकारका प्रतिनिधिको सकारात्मक सन्देश र उद्योगी व्यापारीको उत्साहजनक सहभागिता थियो।

नेपाली राजदूतावासमा नेपाली र नेपालका शुभेच्छुक चिनियाँहरू सहभागिता रहेको स्वागत समारोहमा सरिक भई आफूले नेपाल-चीन सम्बन्धको वर्तमान अवस्था र सम्बन्ध सुदृढ गर्न सरकारले चालेका कदमका बारेमा जानकारी गराएको उहाँको भनाइ छ । दुई देशबीच समझदारीको कार्यान्वयनलगायत सम्बन्ध विस्तारका समग्र पक्षमा सक्रियरूपमा काम गर्न दूतावासलाई प्रधानमन्त्रीको हैसियतामा निर्देशन आफूले दिएको उहाँले उल्लेख गर्नुभयो। चिनियाँ समकक्षी लि छियाङसँग प्रतिनिधिमण्डलस्तरीय द्विपक्षीय वार्ताका क्रममा सहकार्यका विविध विषयमा सविस्तार छलफल भएको र त्यसबारेमा दुई देशबाट जारी संयुक्त वक्तव्यमा समेत स्पष्ट जानकारी भइसकेको प्रधानमन्त्री दाहालको भनाइ छ । द्विपक्षीय वार्ता नेपालको उत्तरी सीमा क्षेत्रमा चीनतर्फबाट प्रसारण लाइन निर्माण, नेपाल र चीनको सिमानामा रहेको भूभागमा केन्द्रीय विद्युत् प्रसारण

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मुक्तिनाथ जानको लागि भारतको धार्मिक पर्यटन टोली पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असोज



विश्व पर्यटन दिवसको अवसरमा लुम्बिनी, काठमाण्डौं क्षेत्र लगायतबाट नेपाल भ्रमणमा निस्केको भारतको एक जम्बो टिम यति वेला पोखरा आएको छ । लुम्बिनी, काठमाण्डौंका विभिन्न मठ मन्दिरको दर्शन पश्चात मनकामना मन्दिर हुदै शुक्रबार पोखरा आएको उक्त टोली आइतबार हिमालपारीको जिल्ला मुस्ताङ प्रस्थान गर्ने भएको छ।

शुक्रबार पोखरा आएको टोलीले शनिबार पोखरामा र्‍याली सहित पोखराको फेवातालमा ढुंगा सयर सहित तालवाराही मन्दिरको दर्शन गरेको छ। कोरोना र आर्थिक मन्दिका कारण पोखरा सहित देशका अधिकांश पर्यटकीय स्थानहरुमा न्यून सङ्ख्यामा पर्यटक आगमन भएको अबस्थामा यति वेला पोखरामा भारतबाट एउटा जम्बो टोली आउनु निकै खुसिको कुरा भएको होटल मझेरी रिसोर्टकाका अध्यक्ष अर्जुन खनालले बताए। १३ दिन नेपालमा भ्रमणमा निस्केको धार्मिक पर्यटकको उक्त टोली लुम्बिनी, काठमाण्डौं, भक्तपुर, ललितपुर हुदै पोखरा आएको हो।

केही दिन अघि नेपाल आएको ७ सय ३० भारतीय धार्मिक पर्यटक टोली मुक्तिनाथ मन्दिरको दर्शन गर्न आइतबार मुस्ताङ प्रस्थान गर्ने भएको हो । भारतको गुजरात लगायतको क्षेत्रबाट नेपालमा १३ दिनको भ्रमणमा निस्केको उक्त टोलीले नेपालका धार्मिक तीर्थस्थलमा दर्शनको लागि एकैपटक ठुलो सङ्ख्यामा पोखरा सहित यस क्षेत्रको धार्मिक पर्यटन प्रबर्द्धन गर्न टोली आएको अध्यक्ष खनालले बताए । होटल मझेरी रिसोर्ट र नेभिरा होटलले उक्त पर्यटकहरुलाई पोखरामा आवासिय सहितको व्यबस्थापन गरेको खनालले जनाए । धेरै सङ्ख्यामा पर्यटक भित्राउन पनि आफुहरुले विगत ४ महिना अघि देखिको तयारीमा उक्त टोलीलाई पोखरामा करिब ४ दिनको बसाईको व्यबस्था मिलाएको उनले जनाए। नेपालमा हाल पर्यटन आगमनमा निकै ह्रास आएको अबस्थामा यसरी धार्मिक पर्यटक र धार्मिक गुरुबाट नेपालका धार्मि तिर्थ स्थलहरुमा अवलोकन गराउदा उनीहरुका अनुयायीहरु स्वत आउने वातावरण हुने उनको भनाई थियो। आइतबार उक्त टोली ५४ जना हवाई मार्ग हुदै र अन्य करिब एक सय वटा स्कोरपियो गाडीमा मुक्तिनाथ प्रस्थान गर्ने भएको छ। भारतका मात्र नभई मुल घर भारत घर भई पेशा र व्यवसायको दृष्टिले विश्वका विभिन्न मुलुकमा रहेका स्वामीका अनुयायीहरु एक भई यसरी धार्मिक पर्यटन प्रबर्द्धनमा निस्केको हो । धार्मिक पर्यटक भए पनि अहिले आएको टोली अली बढी खर्चालु भएको नेभिरा होटलका संचालक राजु अधिकारीले बताए। माउण्टेन भ्यू देखि पोखरा क्षेत्रमा भएका सहासिक खेल गतिविधिमा समेत केही पर्यटकहरु सहभागि हुने उनले जनाए । उक्त टोलीले लुम्बिनीमा जानकी मन्दिरको दर्शनी पछि, काठमाडौं लगायतको ठाँउमा भ्रमण पश्चात शुक्रबार पोखरा आएको हो । कोरोना र आर्थिक मन्दिको कारण प्रभावित भएको पर्यटन क्षेत्रलाई उक्त टोलीको आगमनले गण्डकी प्रदेशको राजधानि पोखरा सहित समग्र नेपालकै पर्यटन प्रबर्द्धनमा टेवा पुग्ने होटल व्यवसायी अधिकारीले बताए । भारतको गुजरातका चर्चीत स्वामी जितेन्द्रियप्रियदासजी महाराजले शनिबार पोखराका पत्रकारसंगको भेटघाट कार्यक्रममा बोल्दै नेपालमा धार्मिक पर्यटनको प्रचुर सम्भावना रहेको बताए। परापूर्वककाल देखि नेपाल र भारतको सम्वन्ध प्रगाड रहेको उल्लेख गर्दै उहाँले नेपालको अधिकांश क्षेत्र भगतावको तिर्थ भूमि भएको दाबी गरे । नेपालमा पर्यटकहरुलाई गरिएको आतिथ्यताले आफुहरु थप प्रभावित भएको बताउदै स्वामी महाराजले नेपाल मामा भान्जाको सम्वन्धले गर्दा आफ्नै घरमा आएको भान हुने उल्लेख गरे। विश्व बिन्दु महासंघ

बाँकी अन्तिम पृष्ठमा ▶▶

## डाक्टर कुट्ने र अस्पताल तोडफोड गर्नेलाई उन्मुक्ति दिनु हुँदैन : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले डाक्टर कुट्ने र अस्पताल तोडफोड गर्नेलाई कुनैपनि बाहनामा उन्मुक्ति दिन नहुने बताएका छन्।

शनिवार गोरखा अस्पतालको निरीक्षण गर्ने क्रममा उनले भने 'अस्पतालमा भएका घटनाकमा संलग्नका बारेमा जुनसुकै पार्टीको होस्, चाहे मेरै पार्टीको होस् चाहे अरु कसैको होस् त्यसमा हाम्रो तर्फबाट कुनै सहानुभुती सद्भाव केही पनि रहँदैन।' त्यस्ता गतिविधिमा संलग्नलाई कानुनी कारवाहीको दायरामा ल्याउनुपर्ने उनले बताए । 'यो कुरामा सम्झौता कसैसँग हुँदैन' उनले थपे 'यो संवेदनशिल विषय भएकाले सबैको ध्यानाकर्षण हुनुपर्छ।'

'हाम्रो एउटा मान्यता छ, बचायो भने भगवानले बचाउँछन् भन्छन्, डाक्टर भगवान होईनन्' उनले भने ' मलाई लाग्दैन की कुनैपनि डाक्टरले बिरामीलाई मारौँ भनेर उपचार गर्छ, यस्तो हामीले सोच्नुपनि हुन्न।' पछिल्लो केही समय यता गण्डकी प्रदेशको पोखरा, लमजुङ लगायतका जिल्ला र देशका बिभिन्न ठाउँमा चिकित्सकमाथि आक्रमणका घटना भईरहेको बताउँदै मुख्यमन्त्री पाण्डेले यस्तो बताएका हुन्। 'पछिल्लो समय अस्पतालमा अराजकता बढ्नुको कारण क्षतीपूर्ती दिने प्रथा पनि हो' उनले भने 'हुलदंगा गऱ्यो क्षतीपुर्ती बढी पाउने, नपाउनेलेपनि पनि पाउने। त्यस्तो प्रवृत्तीलेपनि चिकित्सक र अस्पतालमा अराजकता बढेको छ।' चिकित्सकमाथि हातपात र अस्पताल जोगाउन जनप्रतिनिधिले पनि जनतालाई सचेतना जगाउनुपर्ने उनले बताए।

समाजमा हरेक खालमा मानिस रहेकाले केही उच्छृंखल व्यक्तिले घटना घटाए भन्दैमा चिकित्सकहले काम नै गर्न नसक्ने भयौँ भनेर बस्न नहुने उनले बताए। 'डाक्टरहरुलाई राज्यले सुरक्षा दिनुपर्छ, हामीले त्यो वातावरण सिर्जना गर्छौं तर काम सबै रोकेर बस्नु भएन।' गोरखा अस्पतालको सेवा सुविधा बिस्तारकालागि गण्डकी प्रदेश सरकारले प्राथमिकतामा राखेर काम गरिरहेको उनले बताए। अस्पतालका व्यवस्थापन समिति अध्यक्ष लालप्रसाद श्रेष्ठ र निमित्त मेडिकल सुपरिटेण्डेन्ट डाक्टर हरिकुमार श्रेष्ठले अस्पतालको समस्या र आवश्यकताका बारेमा जानकारी गराएका थिए। जवाफमा मुख्यमन्त्री पाण्डेले प्राथमिकताका आधारमा तत्काल नगरी नहुने कामकोलागि प्रदेश सरकारले बजेट बिनियोजन गर्ने बताए।

## खोलाले बगाएको जीप भेटियो, एक मृत फेला, दुई अझै बेपत्ता

**रासस**
पर्वत, १३ असोज

पर्वतको कुश्मा नगरपालिका-७ र ८ को सिमानामा रहेको तमादी खोलामा आएको बाढीले बगाएको जीप फेला परेको छ । कुश्मा नगरपालिका-८ को मोदी खोला र तमादी खोलाको दोभानमा हिलोमा पुरिएको अवस्थामा जीप फेला परेको हो।

जीपसँगै एक जना यात्रु मृत भेटिएका छन्। मृतकको सनाखत भने भइसकेको छैन । जीपमा सवार रहेका अन्य दुई यात्रुको अवस्था भने अज्ञात रहेको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रमुख प्रहरी नायब उपरीक्षक खुमलाल भुसालले जानकारी दिनुभयो। बेपत्ता यात्रुको खोजी जारी छ।

बागलुङबाट पोखरातर्फ जाँदै गरेको ग १ ज ६२१३ नम्बरको जीप साँझ साढे ६ बजेतिर बाढीले बगाउँदा तीनजनासहित बेपत्ता भएको थियो। खोलामा बाढीले ल्याएको ढुङ्गा पन्छाउने क्रममा जीप बगाएको हो। सोही क्रममा जीपका चालक वसन्त थापा बाढी पन्छाउन झरेका कारण ज्यान जोगाउन सफल भएका छन् । घटनास्थलमा प्रहरी र सुरक्षाकर्मीले उद्धार कार्य जारी राखेका छन् । शनिबार साँझ परेको भीषण वर्षाका कारण उक्त खोलामा बाढी गएको थियो।


हार्दिक बधाई





श्री शोभाकान्त सिग्देल

यस **पोखरापत्र राष्ट्रिय दैनिक**का कार्यकारी सम्पादक **श्री शोभाकान्त सिग्देलज्यू** रोटरी क्लब अफ पोखरा लेकसाइडको आठौ पदस्थापनबाट वर्ष २०२३/२४ का लागि **अध्यक्ष** पदको पदभार ग्रहण गर्नुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको **शुभकामना** व्यक्त गर्दछौं।

पोखरापत्र राष्ट्रिय दैनिक परिवार
पोखरा-९, नयाँबजार

# एकिकृत निजामती ऐन जारीगर्न माग

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, १३ असोज



स्थानीयतहका कर्मचारीहरुले संघिय निजामती ऐनको सट्टा एकिकृत निजामती ऐन जारी गर्न नेपाल सरकार सगँ माग गरेका छन् ।

स्थानीयतह कर्मचारी समन्वय समिति स्याङ्जाले शुक्रवार प्रमुख जिल्ला अधिकारी शशीधर घिमिरे मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउदै स्थानीयतहका कर्मचारीले एकिकृत निजामती ऐन जारी गर्न माग गरेका हुन् । नयाँ संविधान जारी भएको ८ बर्ष पुरा भएको छ । अहिले सम्म सरकारले निजामती ऐन ल्याउन नसक्दा तिनैतहका कर्मचारीको खटपटनमा समेत बेला–बेलामा विवाद हुँदै आएको छ। सरकारले ल्याउन लागेको निजामती सेवा ऐनका बिषयमा स्थानीयतहका कर्मचारीहरुले १८ बुँदे माग सहित प्रधानमन्त्री कार्यालयमा ज्ञापनपत्र बुझाएका छन् । संविधानले परिकल्पना गरेको स्थानीयतहलाई जनताको नजिकको सरकार मानेको छ।

स्थानीयतहका राष्ट्रसेवक कर्मचारीलाई उत्साह, हौसला र सुरक्षा प्रदान गर्ने ऐन विहिन, सुरक्षा विहिन, बृत्ति विकास विहिन बन्नुले कार्यसम्पादनमा कठिनाई भएको महशुष गरिएको उनीहरुले ज्ञापनपत्रमा उल्लेख गरेका छन्। नेपाल सरकार मन्त्रिपरिषदले संघिय निजामती ऐनको मस्यौदा संसदमा दर्ता गर्ने निर्णय गरेपनि अहिले सम्म दर्ता नहुँनु र मस्यौदा माथी सरोकारवालले छलफल गर्न नपाउनुले अन्योलता छाएको भन्दै तत्काल ऐनको मस्यौदा सरोकावालहरु समक्षा पुऱ्याउन पनि माग गरेका छन् । समितिले बुझाएको १८ बुँदे मात्रपत्रमा प्रमुख प्रशासकीय अधिकृत पदलाई स्थानीय सेवामै कायम गरिनुपर्ने, ७५३ वटै स्थानीयतहमा सरुवा हुन पाउने व्यवस्था र ५/५ बर्षमा योग्यताका आधारमा बढुवा हुनुपर्ने व्यवस्था गर्नुपर्ने माग राखेका छन् । सेवा सुरक्षा, अन्तर तह, तालिम लगायतका बिषयमा ऐनमा व्यवस्था गरिनुपर्ने, कर्मचारीका सन्नततीको हितको लागि कर्मचारी कल्याकारी कोषको व्यवस्था, तिनैतहका कर्मचारीलाई बृत्ति विकासमा समान अवसर र करारमा रहेका कर्मचारीलाई उमेरहद नलगाई एकपटकका लागि लोकसेवा लड्न पाउने व्यवस्था कायम गरिनुपर्ने लगायतका माग उनीहरुले अगाडी सारेका छन् । स्याङ्जाका ११ ओटै स्थानीयतहका कर्मचारीहरु जिल्ला प्रशासन पुगेर ज्ञापनपत्र बुझाएका थिए ।

स्थानीयतहका कर्मचारीको मागलाई बेवस्था गरिए कडा आन्दोलनमा उत्रन सक्ने समेत उनीहरुले ज्ञापनपत्रमा उल्लेख गरेका छन् । समितिले पेश गरेका मागहरुको बिषयमा ध्यानाकर्षण गर्दै स्याङ्जाका प्रजिअ घिमिरेले ज्ञापनपत्र प्रधानमन्त्री कार्यालयमा पठाउने प्रतिवद्धता व्यक्त गरे । निजामती सेवा ऐन नहुँदा कार्यसम्पादनमा कठिन हुदै आएको कर्मचारीहरुले बताउदै आएका छन् ।

# पोखरा लिङ्कन कलेजले जित्यो ईन्टर कलेज व्याण्ड कम्पिटिसनको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असोज



प्रथम ईन्टर कलेज व्याण्ड कम्पिटिसनको उपाधि पोखरा लिङ्कन कलेजले जितेको छ।

पोखरा सांगीतिक कलाकार संघको आयोजनामा पोखरामा शनिबार सम्पन्न प्रतियोगिताको उपाधि पोखरा लिंकन कलेजको 'द लिङ्कन व्याण्ड'ले जितेको हो । फाईनल राउण्डमा गरेको उत्कृष्ट प्रस्तुतीका आधारमा सो व्याण्डले फाईनल राउण्डको १० प्रतिष्पर्धीलाई पछि पार्दै नगद एक लाखसहित ट्रफी र प्रमाणपत्र प्राप्त गऱ्यो । प्रतियोगितामा ईन्फोमेटिक्स कलेजको 'द ईन्टरभल्स व्याण्ड दोश्रोहुँदै नगद ५० हजारसहित ट्रफी र प्रमाणपत्र प्राप्त गऱ्यो । भने ग्लोवल कलेजिटको 'उत्वेग व्याण्ड'ले तेश्रोहुँदै नगद २५ हजारसहित ट्रफी र प्रमाणपत्र प्राप्त गऱ्यो ।

त्यस्तै, उत्कृष्ट भोकलमा पोखरा लिङ्कन कलेजका रोमित गुरुङ, लिड गिटारमा कालिका माविका अनमोल थापा,, रिदम गिटारमा ईन्फोमेटिक्स कलेजका सन्दीप आले मगर, बेस गिटारमा ग्लोवल कलेजियटका अनुपम रिजाल र ड्रूमरमा पोखरा लिङ्कन कलेजका विनोद सुनार उत्कृष्ट घोषित भए । विधागततर्फका उत्कृष्ट घोषित भएकाहरुले नगद ५/५ हजार र प्रमाणपत्र प्राप्त गरे । बिजेताहरुलाई गण्डकी प्रज्ञा प्रतिष्ठानका उप-कुलपति गोरे गुरुङ, पोखरा सांगीतिक कलाकार संघका अध्यक्ष हर्कराज गुरुङ (भाई), निवर्तमान अध्यक्ष सुनिल थापा, संस्थापक अध्यक्ष श्यामसुङ गुरुङ, सल्लाहकारहरु तीर्थ तामाङ र शेरबहादुर गुरुङ, संघका उपाध्यक्ष टोपबहादुर खत्री, सचिव भाष्करध्वज श्रेष्ठ, सहसचिव बिनोद बानियालगायतले पुरस्कार वितरण गरेका थिए ।

समापन कार्यक्रममा बोल्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले कला र संगीत देशको पहिचान र सभ्यतासँग जोडिने भन्दै यसको संरक्षण र विकासमा महानगरले सघाउने बताए । उनले साठीको दशकमा व्याण्डहरुको राजधानी बनेको पोखराको त्यो विरासत फर्काउनुपर्ने र त्यसका लागि महानगरले सहयोग गर्ने प्रतिबद्धतासमेत जनाए ।

गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले पोखरा व्याण्ड नै व्याण्डहरुको सहर भएको बताए । तर अहिले सुस्ताएकाले त्यसलाई पुनःजागृत गराउनुपर्नेमा जोड दिए । पोखराको सांगीतिक माहोल तताउँदै व्याण्डहरुलाई पुनःजागृत गराउने उद्देश्यले प्रतियोगिता गरिएको क्लवका अध्यक्ष हर्कराज गुरुङले बताए । प्रतियोगिताले प्रतिभाको खोजी गर्दै सांगितिक माहोल सृजना गर्न कोशेढुंगा सावित हुने उनले विश्वास व्यक्त गरे । ईन्टर कलेज व्याण्ड कम्पिटिसनमा शनिबार भाष्करध्वज श्रेष्ठको डि-मर्चा व्याण्ड र शान्तराज बज्राचार्यको देउराली व्याण्डले विशेष प्रस्तुती राखेका थिए । जसमा दर्शकहरु झुमेका थिए ।

# पोखरामा नेकोस खेलकुद महोत्सव सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असोज



नेकोस खेलकुद महोत्सव २०८० अन्र्तगत पोखरामा शनिबार देखि स्केटबोर्ड प्रतियोगिता सुरु भएको छ । नेकपा समाजबादी निकट नेपाल खेलकुद महासंघ समाजबादी (नेकोस) को आयोजनामा पोखरामा शनिबार देखि स्केटबोडको प्रतियोगिता सुरु भएको हो ।

उक्त खेलकुद महोत्सवमा १० खेलहरु मध्यको अर्को योगखेल (योगस्पोर्ट्स) भने आइतबार विहान पोखरा रंगशालामा हुने भएको महासंघका अध्यक्ष केशव कुमार विष्टले बताउनु भयो । पोखरा रंगशालामा सुरु भएको प्रतियोगितामा महिला पुरुष गरी सातै प्रदेशका १ सय १२ जना खेलाडीहरु सहभागि भएको उहाँले बताउनु भयो। शनिबार बिहान देखि स्केटबोर्डको प्रतिष्प्रर्धा सुरु भएको थियो भने योगखेलको उद्घाटनको अवसरमा डेमो प्रर्दशनी गरिएको नेकोस समाजबादी प्रदेश सचिव डा.डिलाराम लामिछानेले बताउनु भयो । प्रतियोगितामा स्केटबोड तर्फ ९ महिला सहित ५६ जना खेलाडीहरु सहभागि हुनु भएको छ भने योगखेलमा ५६ जना खेलाडीहरु सहभागि हुनु भएको नेकोसले जनाएको छ । स्केटबोर्डमा स्ट्रीट फ्रि र वेष्ट रन गरी दुई विधामा प्रतिष्प्रर्धा हुने भएको छ । यसमा सबै प्रदेशका खेलाडीहरु बिच प्रतिष्प्रर्धा हुने भएको छ। त्यसै गरी योगखेलमा भने ४ वटा उमेर समुहमा प्रतिष्प्रर्धा हुने भएको छ उत्कृष्टहरु मध्यबाट पुरुष तर्फ मिस्टरयोगी र महिला तर्फ मिसयोगीनी घोषणा गरिने भएको अध्यक्ष विष्टले जनाउनु भयो । आइतबारसम्म पोखरामा संचालन हुने उक्त प्रतियोगिताको शुभारम्भ पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले गर्नु भएको हो। कार्यक्रममा बोल्दै उहाँले पोखरा पर्यटन सहित अब खेलकुदको समेत केन्द्र भएको दाबी गर्नु भयो। पोखरामा हुने कुनै पनि राष्ट्रिय खेलहरुको प्रबर्द्धन गर्न महानगरले आवेदन दिन आव्हान गर्दा समेत निकै कम सङ्ख्यामा माग आएको उहाँले बताउनु भयो । महासंघका अध्यक्ष विष्टको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा सल्लाहकार खड्गबहदुर रानाभाट, नेकपा समाजबादीका युवा नेता पूर्ण बहादुर लामा लगायतले खेलकुदको बारेमा बोल्नु भएको थियो। राष्ट्रिय खेलकुद परिषदका पूर्व सदस्य सचिव समेत रहनु भएका अध्यक्ष विष्टले महोत्सव अन्तर्गत एक खेल हेटौंडामा बाँकी ७ खेल भने काठमाण्डौं र ललितपुरमा हुने भएको जानकारी दिनु भयो। यसैबिच, उक्त महोत्सव अन्र्तगत राष्ट्रिय खेल भलिबल, एथ्लेटिक्स, तेक्वान्दो, कराँते, वि-बोइङ, फुलकन्ट्याक्ट कराँते, सेपाक्ताक्रो, बुद्धिचाल, योगखेल र स्केटबोर्ड समेटिएको महासंघले जनाएको छ।

उक्त खेलकुद महोत्सव सम्पन्न गर्न करिव २ करोड खर्च लाग्ने भएको अध्यक्ष विष्टले बताउनु भयो । प्रतियोगितामा विजेतालाई ३ हजार, उपविजेतालाई २ हजार र तेश्रो हुनेलाई एक हजार नगद सहित पुरस्कारको व्यबस्था गरिएको विष्टले बताउनु भयो। उक्त महोत्सवको औपचारिक उद्घाटन भने यही असोज २० गते नेकपा समाजबादीका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले गर्नुहुने भएको छ।

# मुक्तिनाथ.. ...

नेपालका सहअध्यक्ष शंकर खरालले नेपालमा धार्मिक पर्यटनको अथाह सम्भावना रहेकोले यसको प्रचार प्रसार छिमेकी मुलुकबाट सुरु गर्नुपर्ने बताए । राज्यले नेपालको धार्मिक पर्यटनको महत्व बुझ्न नसकेको दाबी गर्दै उहाँले राज्यले यस क्षेत्रमा न्यून लगानी गरेको गुनासो गरे । नेपाल अध्यात्मिक पर्यटनको केन्द्र हुने सहअध्यक्ष खरालले जनाए । टोलीले शनिबार स्वामी महाराजलाई पोखराको लेकसाइडमा परिक्रमा गराएको थियो ।

# चिन ...

प्रणालीबाट विद्युत्को पहुँच पुऱ्याउन नसकिने स्थानमा सौर्य प्रणाली जडान, विभिन्न स्थानमा सडक निर्माण तथा स्तरोन्नति, स्वास्थ्य तथा कृषि क्षेत्रमा सहयोग विस्तार, कोभिडपछि अवरुद्ध परम्परागत सीमा नाकाको पुनःसञ्चालन, नेपालतर्फ पूर्वाधार निर्माण, अत्याधुनिक प्रयोगशाला निर्माणजस्ता पूर्वाधार विकासका बारेमा केन्द्रित भएको प्रधानमन्त्री दाहालले जानकारी दिनुभयो। यस्तै, विज्ञान र प्रविधिका क्षेत्रमा सहकार्य गर्दै द्विपक्षीय व्यापार विस्तार गर्ने, पोखरा तथा भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा चिनियाँ सहरबाट हवाई सेवा विस्तार गर्नेलगायतका विषयमा समेत गहन छलफल भएको उहाँको भनाइ छ।

# मातृशिशु अस्पतालको बार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असोज



पोखराको बाटुलेचौरमा रहेको मातृशिशु मितेरी अस्पतालले दिप प्रज्वलन गरी सातौं वार्षिकोत्सव मनाएको छ।

शुक्रबार साँझ अस्पताल परिसरमा आयोजित कार्यक्रममा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष धर्मराज थापा, सदस्य गुरूदत्त भट्टराई, शिवराज देवकोटा, पुर्व स्वास्थ्य चौकीका अध्यक्ष कृष्णप्रसाद अधिकारी, अग्निधर शर्मा, मेडिकल सुपरिटेन्डेन्ट धर्मदेव ढकाल लगायतले दिप प्रज्वलन गरी उद्धाटन गर्नुभयो। आमा र शिशुको स्वास्थ्यमा महत्वपूर्ण योगदान पुर्याउदै आएको अस्पतालले सोहि अवसरमा स्थापना कालदेखि कार्यरत कर्मचारी ओम बहादुर थापा र अन्जना अधिकारीलाई सम्मान गरेको छ। उनिहरुलाई समितिका अध्यक्ष थापा र मेडिकल सुपरिटेन्डेन्ट ढकालले सम्मान पत्र सहित दोशल्ला ओढाएर सम्मान गर्नुभयो।

कार्यक्रममा बोल्दै अस्पतालका अध्यक्ष थापाले सिमित साधन र स्रोतका विचमा पनि अस्पतालले गुणस्तरीय सेवा उपलब्ध गराएको बताउनुभयो। मेडिकल सुपरिटेन्डेन्ट धर्मदेव ढकालले जनताको स्वास्थ्य सेवामा अस्पताल पुर्ण रुपले समर्पित रहेको बताउँदै, थप सेवा संचालनका लागी सवै पक्षको सहकार्य आवश्यक रहेको बताउनुभयो । कार्यक्रममा ब्यवस्थापन समिति सदस्यहरू गुरूदत्त भट्टराई, शिवराज देवकोटा, भिमा पौडेल, नारायण कोईराला, गुमा परियार, पूर्व हेल्थपोष्ट अध्यक्षद्वय अग्निधर शर्मा तथा कृष्ण प्रसाद अधिकारी, समाजसेवी चित्र ब थापा लगायतले अस्पतालले पुर्याएको सेवा प्रवाहको प्रशंसा गरेका थिए।


दिप प्रज्वलनमा व्यवस्थापन समितिका सदस्य, अस्पतालका कर्मचारी लगायतकाको सहभागिता रहेको थियो । कास्की लगायत बिभिन्न जिल्लाका नागरिकलाई सर्व सुलभ रुपमा स्वास्थ्य सेवा पुर्याउदै आएको अस्पताल सुत्केरी सेवामा त्यस क्षेत्रमै अब्बल रहेको बताइएको छ। कार्यक्रमको सन्चालन कर्मचारी ओम बहादुर थापाले गर्नुभएको थियो।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# मूल्य बढाउने निर्णय फिर्ता लेऊ

सरकारले नेपालीहरुको चाडपर्वको मुखमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ। शनिबार बसेको नेपाल आयल निगम सञ्चालक समितिको बैठकले पेट्रोलमा प्रतिलिटर २, डिजेल र मट्टितेलमा प्रतिलिटर ६ र खाना पकाउने ग्यासमा प्रतिसिलिण्डर २१५ रुपैयाँ बढाउने निर्णय गरेको हो। त्यस्तै हवाइ इन्धन आन्तरिक र अन्तर्राष्ट्रिय दुबैमा प्रतिलिटर ८ रुपैयाँ बढाइएको छ।

यो वृद्धिसँगै ग्यासको मूल्य प्रतिसिलिण्डर २११० रुपैयाँ पुगेको छ। पेट्रोलको मूल्य पहिलो वर्ग (चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपोबाट बिक्री हुने ठाउँ) मा प्रतिलिटिर १८२.५ रुपैयाँ, दोस्रो बर्ग (सुर्खेत र दाङ) मा १८४ रुपैयाँ र काठमाडौं, पोखरा र दिपायलमा १८५ रुपैयाँ पुगेको छ।

त्यस्तै डिजेलको मूल्य पहिलो वर्गमा १७६.५, दोस्रो वर्गमा १७८ र तेस्रो वर्गमा १७९ रुपैयाँ प्रतिलिटर कायम भएको छ। आन्तरिकतर्फको हवाइ इन्धनको मूल्य प्रतिलिटर १४४ रुपैयाँ र अन्तर्राष्ट्रियको मूल्य १.०९५ अमेरिकी डलर कायम भएको छ। बढेको मूल्य शनिबार राति १२ बजेपछि लागू हुनेछ।

जनतालाई मूल्य बृद्धीको मारमा पुर्याउने काम उचित होइन।जनतालाई सरकारले जनताको हितमा काम गर्छ भन्ने अनुभूति कहिल्यै भएन। पेट्रोलियम पदार्थको मूल्य बढाउँदा त्यसलेचारै तिर असर पार्छ।महंगी बढाउने निर्णय चाडपर्वकोमुखमा गर्नु हुँदैन।सरकारले सबै कुरा निगमलाई मात्र सुम्पेर सरकार पानीमाथिको ओभानो बन्नु हुँदैन। खाना पकाउने ग्यासको मूल्य बढाउने निर्णय फिर्ता गरेर अन्य बिकल्प खोज्नु आबश्यक छ।

# एकल वाचनमा कवि मञ्जुल

**पोखरापत्र संवाददाता**
गण्डकी, १३ असोज

पोखरेली युवा सांस्कृतिक परिवारको मञ्चमा आज कवि मञ्जुल प्रस्तुत हुनुभयो। परिवारद्वारा आयोजित 'एकल कविता वाचन'मा उहाँले दर्जन बढी कविता सुनाउनुभयो। 'गायकयात्री' शीर्षकको कविताबाट मञ्जुलले वाचन सुरु गर्नुभएको थियो।

पोखरेली वाङ्मयप्रेमीले उहाँका 'हामीमाथिमाथि उडिरहेको चील', 'परेवा र तिम्रो हात', 'आकाश', 'गाउँको गोरेटो'लगायत कविता रुचिपूर्वक सुने। मञ्जुलले सिर्जनाको रचनाकाल र सन्दर्भबारे बताउँदै कविता पाठ गर्नुभएको थियो। उहाँले राल्फा सांस्कृतिक अभियानका क्रममा नेपालका गाउँबस्ती डुल्दाका बखत लेखिएका कवितासमेत सुनाउनुभएको थियो। राल्फा समूहको सर्जक र गायकका रूपमा जनताका आवाज मुखरित गर्दाको क्षणलाई मञ्जुलले कविता वाचनका क्रममा स्मरण गर्नुभयो। आजभन्दा झण्डै ५० वर्षअघि निरकुंश पञ्चायतविरुद्ध गीत र कविताका माध्यमबाट जनजागरण ल्याउन उक्त समूह सक्रिय भएको थियो। पछि त्यो राल्फा सांस्कृतिक आन्दोलनका रूपमा विकास भएको थियो।

उक्त समूहमा मञ्जुल, रामेश, रायनलगायत गायक तथा संस्कृतिकर्मी सहभागी थिए। कवि तीर्थ श्रेष्ठले मञ्जुललाई जनवादी गायकसँगै कवि व्यक्तित्वका लिनुभयो। "उहाँ जागरणका गायक हुनुहुन्छ, कविता, यात्रा संस्मरणमा पनि उहाँ सशक्त देखिनुहुन्छ", श्रेष्ठले भन्नुभयो, "धेरै कविहरूका लागि मञ्जुल दाइ अभिभावक, मागदर्शक र उत्प्रेरक हुनुहुन्छ।"

पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष उपेन्द्र पौडेलले जीवनको उत्तरार्धमा पनि कवि मञ्जुल सिर्जनाकर्ममा उत्तिकै सक्रिय रहेको बताउनुभयो। "उहाँजस्तो विशिष्ट प्रतिभालाई पोखरामा एक वाचनमा उभ्याउन पाउँदा हामी पनि गर्वित छौँ", उहाँले भन्नुभयो।

# आँधीखोला गाउँपालिकालाई प्रशासनको अंकुश

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १३ असोज

आँधीखोला गाउँपालिकाले गैर कानुनी रुपले उठाउदै आएको पटके करमा जिल्ला प्रशासन कार्यालय स्याङ्जाले अंकुश लगाइदिएको छ। प्रशासनले पत्र पठाउदै यातायात व्यवसायी मार्फत उठाउदै आएको पटकेकर गैरकानुनी भएकाले शुल्क नउठाउन भन्दै अंकुश लगाइदिएको हो। जिल्लाका ११ ओटा पालिका मध्ये आँधीखोला गाउँपालिकाले मात्रै पटके कर उठाउदै आएको छ। जसले गर्दा गाउँपालिका गैर कानुनी रुपमा अगाडी बढेको छ भन्ने सन्देश दिएको प्रशासनको पत्राचारबाट बुझिन्छ।

पटक–पटक व्यवसायीहरु बाट यो पटके कर हटाउन आग्रह गरेपनि आँधीखोला गाउँपालिकाका अध्यक्ष विश्व पौडेलले नसुनेको बताइएको छ। कानुन विपरीत पटके कर उठाउने कार्यलाई अध्यक्ष पौडेलले नरोकेपछि व्यवसायीहरुले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएका थिए। उजुरीको छानविन पछि गाउँपालिकाले उठाउदै आएको सवारी पटकेकर कानुन सम्मत नभएको भन्दै प्रशासनले पत्राचार गरेर तत्काल शुल्क नउठाउन अंकुश लगाएको हो।

जिल्ला प्रशासन कार्यालय स्याङ्जाले नेपालको संविधान तथा प्रचलित अन्य प्रमाणका आधारमा सवारी पटकेकर शुल्क लिने कार्य अनुपयुक्त भएको भन्दै पत्राचार गरिएको प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरेले बताए। अन्तर जिल्ला जोड्ने सडक स्थानीय सरकारको संरक्षणमा नरहेकोले हाललाई शुल्क नलिन अनुरोध सहितको पत्राचार गरेको प्रजिअले बताए। कुन ऐन अनुसार सवारी पटके कर उठाइएको हो भन्ने बारेमा प्रशासनले गाउँपालिकालाई पत्राचार गरेको थियो। गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा (२) को खण्ड 'घ' उपखण्ड २ बमोजिमको अधिकार प्रयोग गरि स्थानीय पुर्वाधार तथा सेवा शुल्क उठाइएको भनी प्रशासनमा पत्र पठाएको थियो।

प्रशासनले उक्त सडक गाउँपालिका स्तरीय सडकमात्र नभई अन्तर जिल्ला जोड्ने सडक रहेको पाइएकाले स्थानीय पुर्वाधार भन्दै शुल्क लिन नपाइने प्रशासनले जनाएको छ।

प्रशासकीय अधिकृत शोभाखर पोखरेलले हस्ताक्षर गरेको पत्रमा गाउँपालिकाले सडक सुधारका नाममा उठाउदै आएको सडक गण्डकी प्रदेश सरकारको पुर्वाधार विकास कार्यालय स्याङ्जाबाट निर्माण भएको उल्लेख गरिएको छ। नेपालको संविधान धारा २२८ को (१) मा कानुन बमोजिमबाहेक स्थानीयतहमा कुनै कर लगाउन र उठाउन नपाईने व्यवस्था रहेकोले सडक संरक्षण र मर्मतसंभार शुल्कको नाममा कुनै कर लगाउन र उठाउन नमिल्ने भन्दै गाउँपालिकालाई प्रशासनले तत्काल रोक्न अनुरोध गरेको छ।

# शरदयाममा धौलागिरि आरोहण सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ असोज

चालु शरदयाममा म्याग्दीमा रहेको धौलागिरि हिमाल आरोहण सुरु भएको छ। विश्वको सातौँ अग्लो धौलागिरि म्याग्दीको धौलागिरि गाउँपालिका-४ मा पर्दछ।

सेभेन समिट ट्रेक्सका शेर्पाले धौलागिरि हिमालको आधार शिविरदेखि चुचुरोसम्म पुग्ने बाटो खोलेपछि शुक्रबारदेखि आरोहण सुरु भएको हो। शुक्रबार चार जना विदेशीसहित १३ जनाले धौलागिरिको सफल आरोहण गरेको सेभेन समिट ट्रेकका शेर्पा मिङमा शेर्पाले जानकारी दिनुभयो।

रुसका एलिना पेकोवा, फ्रान्सका कलास्डेयर म्याकेन्जी, आइसल्याण्डका होस्कुडर होड्डी र ब्राजीलका मोसेस फियामोन्सिनीले आठ हजार एक सय ६७ मिटर अग्लो धौलागिरिको सफल आरोहण गर्नुभएको शेर्पाले बताउनुभयो। सो टोलीमा रहनुभएका निमा रिन्जी शेर्पा, तेन्जेन शेर्पा (लामा), मिङतेम्बा शेर्पा, पासाङ नुर्वु शेर्पा, पासाङ दावा शेर्पा, नाङबा शेर्पा, मिङ्मा नुरवु शेर्पा र पेम्बा दोर्ची शेर्पा पनि धौलागिरिको चुचुरोमा पुग्नुभएको छ। विभिन्न ट्रेकिङ कम्पनीमार्फत चार समूहका १२ पुरुष र ११ महिला पर्वतारोहीले धौलागिरि हिमाल आरोहणका लागि अनुमति लिएका पर्यटन विभागले जनाएको छ। विभागका अनुसार धौलागिरि हिमाल आरोहणको अनुमति लिएका अरोहीबाट रु २७ लाख ४३ हजार पाँच सय १५ रोयल्टी (सलामी दस्तुर) प्राप्त भएको छ। गत वसन्त याममा चार समूहका १२ महिलासहित ३७ जनाले धौलागिरि हिमाल आरोहण गर्दा रु ८६ लाख २४ हजार तीन सय ३० शुल्क सङ्कलन भएको थियो। पर्यटन विभागले शुक्रबार जारी गरेको विवरणअनुसार चालु यामका लागि नेपालका २६ हिमाल आरोहण गर्न ५१ देशका चार सय ३६ जनाले अनुमति लिएका छन्। उनीहरूबाट रु चार करोड दश लाख १४ हजार सात सय ९७ रोयल्टी प्राप्त भएको छ। वसन्त याममा नेपालका २८ हिमाल आरोहण गरेका एक हजार एक सय ७६ जनाले रु ७६ करोड ५७ लाख ५८ हजार तीन शुल्क तिरेका विभागले जनाएको छ।

शरदमा सगरमाथाबाहेक आठ हजार मिटर अग्ला हिमाल आरोहण गर्न चाहने विदेशीले सलामी दस्तुर प्रतिआरोही नौ सय डलर तिर्नुपर्छ। अन्य साना हिमालका लागि न्यूनतम १२५ देखि अधिकतम चार सयसम्म सलामी दस्तुर तिर्नुपर्छ।

शरद याममा सबैभन्दा बढी गोरखामा रहेको आठ हजार एक सय ६३ मिटर अग्लो मनास्लु हिमाल आरोहण गर्न २६ समूहका तीन सय एक जनाले अनुमति लिएका पर्यटन विभागले जनाएको छ। मनास्लु पछि धेरै आरोहणको अनुमति लिएको हिमाल धौलागिरि हो।

हिमचुली १४ जना, आमदब्लाम हिमाल १० जना, टुकुचे पिक र बरुण हिमाल आठ/आठ जना, खयाङ ६छजना, पुथा, कुम्बकर्ण, लिङट्रेन, चोयु हिमाल आरोहण गर्न पाँच/पाँच जनाले अनुमति लिएका छन्।

# सरकार र चिकित्सकबीच ६ बुँदे सहमति, आन्दोलन फिता

**पोखरापत्र संवाददाता**
गण्डकी, १३ असोज

नेपाल सरकार र चिकित्सकबीच आज भएको वार्ता सहमतिमा टुङ्गिएको छ। उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको उपस्थितिमा गृह मन्त्रालयमा भएको वार्तामा ६ बुँदे सहमति भएको हो।

सहमतिपत्रमा स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको भरपर्दो सुरक्षा व्यवस्था मिलाउने, त्यसका लागि सुरक्षा समन्वय समितिलाई सक्रिय बनाउने, दोषीलाई कानुनअनुसार कारबाही गर्ने, कानुन संशोधन गरेरै भए पनि दोषीलाई हदैसम्मको कारबाहीका गर्ने र त्यसका लागि आवश्यक कानुन संशोधन प्रक्रिया अघि बढाउने, कुटपिट र दुर्व्यवहारका घटनाको कारक पत्ता लगाउन उच्चस्तरीय कार्यदल गठन गर्ने र आन्दोलनरत पक्षले आन्दोलनका कार्यक्रम फिर्ता लिने सहमति भएको छ। पछिल्लो समय पोखरा, चितवन, हेटौँडा, कञ्चनपुर, बेलौरी, लमजुङ, पाटनलगायतका अस्पतालमा चिकित्सकमाथि भएको दुर्व्यवहारका दोषीलाई तत्काल पक्राउ गरी कारबाही गर्नुपर्ने र चिकित्सक सुरक्षाको निश्चितता गर्नुपर्नेलगायतका माग सङ्घर्ष समितिले राखेको थियो। सहमतिपत्रमा स्वास्थ तथा जनसङ्ख्या मन्त्रालयका निमित्त सचिव डा दीपेन्द्ररमण सिंह र स्वास्थकर्मीका लागि सुरक्षित कार्यस्थल सङ्घर्ष समितिकाको संयोजक डा शेषराज घिमिरेले हस्ताक्षर गर्नुभएको छ। सहमितसँगै चिकित्सकले आन्दोलनका कार्यक्रम फिर्ता लिएका छन्।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बढ्ने |
| वृष | : मानसिक तनाब | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक झमेला | धनु | : मन चञ्चल |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# धौलागिरी अस्पताल बागलुङमा सिटी स्क्यान सेवा सुरु

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ असोज

बागलुङको धौलागिरी अस्पतालमा सिटी स्क्यान सेवा सुरु भएको छ।

गत साउनमा आवश्यक उपकरण भित्रिएपछि जनशक्ति व्यवस्थापन गरी पहिलो पटक बागलुङमा सिटिस्क्यान सेवा सुरु भएको हो। धौलागिरी अस्पतालमा सिटी स्क्यानको सेवा सञ्चालनले बागलुङ, मुस्ताङ, म्याग्दी र पर्वतबासीलाई सहज हुनेछ। गण्डकी प्रदेश सरकारले यसका लागि गत आर्थिक वर्ष २०७९/८० मा रु १० करोड बजेट विनियोजन गरको थियो। धौलागिरी अस्पताललाई स्तरोन्नति गरी गण्डकी प्रदेश सरकारले दुई सय शयूयाको उप-प्रादेशिक अस्पताल बनाउने योजना अन्तर्गत उपकरण थप गरेको हो। पछिल्लो समय धौलागिरी अस्पतालले दैनिक औसतमा पाँच सय बिरामीलाई सेवा प्रदान गर्दै आएको छ।

सिटी स्क्यान सेवाको शुभारम्भ गर्दै गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री सुशिला सिंखडाले स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउनका लागि प्रदेश सरकार तयार रहेको विश्वास व्यक्त गर्नुभयो। प्रदेश सरकारले गोरखा र बागलुङको अस्पताललाई प्राथमिकतामा राखेर काम गरिएको उहाँको भनाइ छ।

# माओवादीको अभियानबाट सडक मर्मत

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ असोज

म्याग्दीका बेनी नगरपालिका-१ रत्नेचौरको रुइनेडाँडामा नेकपा (माओवादी केन्द्र)का नेता-कार्यकर्ताले आज श्रमदान गरी सडक मर्मत गरेका छन्। जनतासँग माओवादी रुपान्तरण अभियान कार्यक्रममार्फत म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने वैकल्पिक बागलुङ-बेनी सडकअन्तर्गत पर्ने रुइनेडाँडामा मर्मत गरेका हुन्।

वडा कमिटीको आयोजनामा करिब ३५ जना नेता, कार्यकर्ताको टोलीले आज तीन घण्टा श्रमदान गरेर सडक मर्मत गरेको माओवादी केन्द्रका बेनी नगर कमिटी अध्यक्ष शेरबहादुर केसीले जानकारी दिनुभयो।

वडा कमिटीका अध्यक्ष सुरत बोगटीको नेतृत्वमा भएको श्रमदानमा माओवादी म्याग्दीको प्रदेशसभा क्षेत्र (क)का इन्चार्ज विनोद केसी, गण्डकी प्रदेश कमिटी सदस्य तथा बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेलगायत नेता, कार्यकर्ता सहभागी हुनुभएको थियो। रुइनेडाँडामा सडक दबेर भासिएपछि हिलोमा सवारीसाधन फस्ने र उकालो चढ्न नसक्दा यातायातका साधन सञ्चालनमा कठिनाइ भएको छ। श्रमदानका क्रममा हिलो हुने ठाउँमा ढुङ्गा बिछ्याउने र ग्रेड मिलाउने गरिएको नगरअध्यक्ष केसीले बताउनुभयो।

स्तरोन्नतिको क्रममा रहेको पर्वतको कुश्मा नगरपालिका-१ देखि जलजला गाउँपालिका हुँदै म्याग्दीको बेनी जोड्ने मालढुङ्गा-बेनी सडक विस्तारका लागि बन्द गरिने र धेरै ठाउँमा पहिरो तथा हिलोको समस्या भएकाले म्याग्दी र मुस्ताङ आवतजावत गर्ने धेरै सवारीसाधनले विकल्पमा बागलुङ-बेनी सडक प्रयोग गर्दै आएका छन्। मर्मतपछि ट्याक्सी, मोटरसाइकल र जिपलाई धकेलेर, तानेर पहिरोको सडक पार गराए पनि बस, ट्रक, माइक्रोबस हिलो र चिप्लो अनि उकालो सडक उक्लन नसकेर जाम हुने समस्या हट्ने अपेक्षा गरिएको माओवादीका बेनी नगर सदस्य ओम रोकाले बताउनुभयो।

**रक्तदान जीवनदान**

## बस बिक्रीको लागि बोलपत्र आव्हान सम्बन्धि सुचना

सूचना प्रकाशित मिति २०८०/६/१४ गते

यस संस्थाको नाममा रहेको तपसिलमा उल्लेखित विवरण चालु अवस्थाको २६ सिटे बस बिक्रि गर्नुपर्ने भएकोले उक्त बस खरिद गर्न इच्छुक व्यक्ति, फर्म वा संघसंस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस संस्थाको कार्यलयमा उपस्थित भई नियम अनुसारका कागजात सहित सिलबन्दी निवेदन दिनुहुन अनुरोध गरिन्छ।

**बसको विवरण यस प्रकार रहेको छ :**

| | | | |
|---|---|---|---|
| 01 | Registration Number | GA 1 KA 2324 | |
| 02 | Manufracture | 2013 | |
| 03 | No. of cylinder | 4 | |
| 04 | Loading capacity | 26 Seat | |
| 05 | Horse Power | 3783 CC | |
| 06 | Permitted Area | As per the rule & regulations | |

**सर्तहरू**
१. सबैभन्दा बढि मूल्य कबोल गरिएको निवेदनलाई स्विकृत गरिने छ।
२. प्राप्त निवेदनहरु सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिउँसो २:०० बजे यस संस्थाको शाखा कार्यालय पोखरा २२ पुम्दीभुम्दीमा खोलिने छ। तर उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो दिनको भोलि पल्ट खोलिने छ।

**विस्तृत जानकारीको लागि सम्पर्क:**

**नेपाली गाउँका साथीहरु**
शाखा कार्यालय, पोखरा-२२, पुम्दीभुम्दी, कास्की
फोन : ९८४६४५०४५०

